# फाल्गुनन्द गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फाक्तेप, पाँचथर
स्थापना: २०७३

कोशी प्रदेश, नेपाल

(कार्यपालिका बैठक) मिति: २०८१/११/११

बैठक सुरू समय: दिनको १० बजे

बैठक संख्या: १०

बैठकको अध्यक्षता: बृज हाङ आङ्देम्बे

**उपस्थिति:**

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बृज हाङ आङ्देम्बे | अध्यक्ष | |
| २ | श्री ठाकुर सि. नेम्बाङ | उपाध्यक्ष | |
| ३ | श्री होम प्रसाद आङ्देम्बे | १ नं. वडाध्यक्ष | |
| ४ | श्री सन्तोष कुमार नेम्बाङ | २ नं. वडाध्यक्ष | |
| ५ | श्री धन कुमार तामाङ | ३ नं. का.बा.वडाध्यक्ष | |
| ६ | श्री दल बहादुर नेम्बाङ | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री विष्णु प्रसाद चेम्जोङ | ५ नं.वडाध्यक्ष | |
| ८ | श्री नारायण प्रसाद आङ्देम्बे | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री देउ कुमार आङ्देम्बे | ७ नं. वडाध्यक्ष | |
| १० | श्री बिमला लिम्बु | सदस्य | |
| ११ | श्री आइतिमाया लिम्बु | सदस्य | |
| १२ | श्री कमला पसजुली दुलाल | सदस्य | |
| १३ | श्री हर्कमाया नेपाली | सदस्य | |
| १४ | श्री टंक परियार | सदस्य | |
| १५ | श्री जसिमाया कमिनी | सदस्य | |
| १६ | श्री देवी तुम्बापो (प्र.प्र.अ.) | सदस्य सचिव | |

E-mail:info@phalgunandamun.gov.np/ito.phalgunandamun@gmail.com

# फाल्गुनन्द गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फाक्तेप, पाँचथर
स्थापना: २०७३

कोशी प्रदेश, नेपाल

**फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१/१/११ गते बसेको १० औं बैठकका निर्णयहरू**

| निर्णय नं. | निर्णयको व्यहोरा | कैफियत |
|---|---|---|
| प्रस्ताव नं.१ | फाल्गुनन्द गाउँपालिका वडा नं.३ का वडाध्यक्ष श्री सुखविर नेम्बाङ को मिति २०८१।११।०७ गते ४६ वर्ष को अल्पायुमै मृत्यु भएकोमा गहिरो समवेदना व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा। | |
| निर्णय नं.१ | फाल्गुनन्द गाउँपालिका वडा नं.३ का वडाध्यक्ष स्वर्गीय सुखविर नेम्बाङ को अल्पायुमै भएको निधन प्रति गहिरो समवेदना व्यक्त गर्दै उहाँले समग्र गाउँपालिकाको समृद्दि र विकासमा पुर्याउनुभएको योगदान को उच्च मूल्याङ्कन गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो । साथै गाउँपालिकाको मिति २०८१।११।०८ गते दिएको स्थानीय विदा लाई अनुमोदन गर्ने निर्णय गरियो। | |
| प्रस्ताव नं.२ | विगत आ.व. हरूमा फाल्गुनन्द गाउँपालिकाका अध्यक्ष को नामबाट आयोजना गर्दै आएको फाल्गुनन्द गाउँपालिका स्तरिय अध्यक्ष रनिङ कप लाई फाल्गुनन्द गाउँपालिका वडा नं.३ का वडाध्यक्ष स्वर्गीय सुखविर नेम्बाङ ज्यूको स्मृतीमा आयोजना गर्ने सम्बन्धमा। | |
| निर्णय नं.२ | फाल्गुनन्द गाउँपालिका स्तरिय अध्यक्ष रनिङ कप लाई फाल्गुनन्द गाउँपालिका वडा नं.३ का वडाध्यक्ष स्वर्गीय सुखविर नेम्बाङ ज्यूको स्मृतीमा समर्पण गर्दै उहाँको स्मृतीमा स्वर्गीय सुखविर नेम्बाङ स्मृती रनिङ कप नामकरण गरि आयोजना गर्ने निर्णय गरियो। | |
| प्रस्ताव नं.३ | फाल्गुनन्द गाउँपालिका प्रज्ञा प्रतिष्ठान ऐन,२०८१ को दफा ८ बमोजिमको सिफारिस समिति गठन गर्ने सम्बन्धमा। | |

# फाल्गुनन्द गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फाक्तेप, पाँचथर
स्थापना: २०७३

कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| निर्णय नं.३ | फाल्गुनन्द गाउँपालिका प्रज्ञा प्रतिष्ठान ऐन,२०८१ को दफा ८ बमोजिमको सिफारिस समिति देहायनुसार गठन गर्ने निर्णय गरियो:<br>१.गाउँपालिका उपाध्यक्ष श्री ठाकुर सिं नेम्बाङ – अध्यक्ष<br>२. श्री नारायण प्रसाद आङदेम्बे , वडाध्यक्ष वडा नं.६ – सदस्य<br>३. श्री दल बहादुर नेम्बाङ, वडाध्यक्ष वडा नं.४ – सदस्य<br>४.श्री धर्मेन्द्र विक्रम नेम्बाङ, वडा नं.३- सद्सय<br>५. श्री सुर्य प्रकाश चेम्जोङ, फाल्गुनन्द गाउँपालिका वडा नं.५ - सदस्य | |
| प्रस्ताव नं.४ | श्री जनकल्याण माध्यमिक विद्यालय फाल्गुनन्द गा.पा. वडा न .५ को पुरानो विद्यालय भवन भत्काउनका लागी अनुमती प्रदान गर्ने सम्बन्धमा । | |
| निर्णय नं.४ | श्री जनकल्याण माध्यमिक विद्यालय फाल्गुनन्द गा.पा. वडा न .५ को पुरानो विद्यालय भवन HPF र फाल्गुनन्द गाउँपालिकाको साझेदारीमा नयाँ भवन बनाउनुपर्ने भएकोले सम्बन्धित विद्यालयको वि.व्य.स. को निर्णय र वडा कार्यालयको सिफारिस समेतका आधारमा भत्काउनका लागी अनुमती प्रदान गर्ने निर्णय गरियो । | |
| प्रस्ताव नं.५ | फाल्गुनन्द गाउँपालिकाको आ.व.२०८१।८२ को हिउँदे सभा आव्हान गर्ने सम्बन्धमा । | |
| निर्णय नं.५ | फाल्गुनन्द गाउँपालिकाको आ.व.२०८१।८२ को हिउँदे सभा मिति २०८१।११।२१ गते आव्हान गर्ने निर्णय गरियो । | |
| प्रस्ताव नं.६ | फाल्गुनन्द गाउँपालिकाको वडा नं.३ को कार्यबाहक वडाध्यक्ष को जिम्मेवारी प्रदान गर्ने सम्बन्धमा । | |
| निर्णय नं.६ | पाँचथर जिल्ला फाल्गुनन्द गाउँपालिका वडा नं.३ का वडाध्यक्ष श्री सुखविर नेम्बाङ को मिति २०८१।११।०७ गते असामयिक निधन भएकोले कानुनबमोजिम | |

E-mail:info@phalgunandamun.gov.np/ info.phalgunandamun@gmail.com

# फाल्गुनन्द गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### फाक्तेप, पाँचथर
स्थापना: २०७३

कोशी प्रदेश, नेपाल


| | | |
|---|---|---|
| | अर्को व्यवस्था नभएसम्मका लागी कार्यबाहक वडाध्यक्ष को जिम्मेवारी वडा नं. ३ का वडा सदस्य श्री धनकुमार तामाङ ज्यू लाई प्रदान गर्ने निर्णय गरियो । | |


E-mail:info@phalguna[illegible]@gmail.com